'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं

## प्रेस विज्ञप्ति

विषयः हावाहुरीका कारण विद्युत आपूर्तिमा भएको अवरोध र मर्मत कार्यबारे जानकारी सम्बन्धमा।

देशका विभिन्न भागमा आएको तीव्र हावाहुरीका कारण प्रसारण लाइनमा रुखहरू ढल्न गई विद्युत आपूर्तिमा उत्पन्न भएको अवरोधप्रति नेपाल विद्युत प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ। हावाहुरीले पुर्‍याएको क्षतिका कारण केही क्षेत्रमा भोल्टेजमा उतारचढाव (Load Fluctuation) र ट्रिपिङको समस्या देखिएकोमा प्राधिकरणले ती समस्या समाधानका लागि आफ्ना प्राविधिक टोलीहरूलाई उच्च प्राथमिकताका साथ परिचालन गरेको छ।

प्रसारण लाइनमा परेको प्रभाव र मर्मतको पछिल्लो अवस्था निम्न अनुसार रहेको छः

१. पिलुवा (पथलैया)-चन्द्रनिगाहपुर खण्डः यस खण्डको टावर नम्बर १२२-१२३ को बीचमा ढलेको रुख हटाइसकिएको छ र हाल सर्किट चार्ज गर्ने प्रक्रिया अगाडि बढाइएको छ। त्यस्तै, टावर नम्बर १३६-१३७ को बीचमा ढलेका तीनवटा रुखहरू शनिबार राति नै हटाएर विद्युत प्रवाह शुचारु गरिसकिएको छ।

२. अमलेखगञ्ज-कमाने खण्डः यस खण्डको टावर नम्बर ४६-४७ को बीचमा रुख ढल्दा एचटीएलएस (HTLS) कन्डक्टरमा क्षति पुगेको छ। यो प्राविधिक रूपमा जटिल समस्या भएकाले प्राधिकरणका एचटीएलएस विशेषज्ञ सहितको विशेष प्राविधिक टोली आइतबार बिहानैदेखि फिल्डमा खटिएर 'स्ट्रिडिङ' को काम शुरु गरिसकेको छ।

आकस्मिक प्राकृतिक विपत्तिका कारण विद्युत आपूर्तिमा आएको अवरोधले ग्राहक वर्गमा पर्न गएको असुविधाप्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ। पूर्ण तथा स्थिर विद्युत आपूर्तिको शीघ्र पुनःस्थापना हाम्रो पहिलो प्राथमिकता हो। यस कठिन समयमा धैर्यता र सहयोगका लागि हामी सम्पूर्ण ग्राहक वर्गमा हार्दिक अपिल गर्दछौं।

२०८३।२।११

राजन ढकाल
प्रवक्ता
नेपाल विद्युत प्राधिकरण

सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९
Email: neamd@nea.org.np, Web: www.nea.org.np